नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ति बिरुद्धको कसूर ।

मि.नं.- ३८४, दायर मिति-: २०८०।१०।२२

फैसला मिति- २०८१।०२।०८

| वादी | प्रतिवादी |
|---|---|
| प्र.स.नि.अभिनन्दन कुशवाहा समेतको प्रतिवेदनले नेपाल सरकार.........................१ | मुन्ना देवान .........१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१. प्रतिवादीलाई सोधपुछ गर्दा मैले आवेशमा आई प्रहरीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने प्रहरी प्रतिवेदन/दरखास्त जाहेरी।
२. प्रतिवादीलाई सोधपुछ गर्दा प्रहरीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मलाई सोधपुछ गर्दा प्रहरीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. कर्तव्य पालनमा बाधा पुर्याएकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका बालसुदी प्रसाद पटेल समेतको घटनाविवरण कागज
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

## ठहर-खण्ड

यसमा मिति २०८०।१०।८ गते अ.२२:०० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.१५ स्थित सडकमा मुन्ना देवानसँग मोटरसाईकल चोरीको सम्बन्धमा सोधपुछ गर्दा निजले आवेशमा आई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएकोले भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटना विवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी मुन्ना देवानलाई कैद दिन ३ र जरिवाना रु.३०००/- अक्षेरपी तीन हजार मात्र गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी मुन्ना देवानलाई ठहरेको कैद दिन ३ को हकमा निज मिति २०८०-१०-०८ देखि २०८०-१०-१० सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.३०००/- असुल उपर गर्नु ---------------------------------------- १
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु---------------१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------------------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ साल जेष्ठ महिना ८ गते रोज ३/ने.सं. १४४४ बछलाथ्व १३,शुभम् .....